नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(................................................शाखा)

प.सं.:

च.नं.:

सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

आज मिति २०८० माघ १४ गते आइतवार माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको अध्यक्षतामा निःशुल्क कानूनी सहायता सम्बन्धी ऐन, २०५४ ले व्यवस्था गरेको केन्द्रीय कानूनी सहायता समितिको बैठकमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको न्यायमा समान र सहज पहुँचलाई सुनिश्चित गर्न निःशुल्क कानूनी सहायता अन्तर्गत विभिन्न निकायहरुले प्रदान गर्दै आएका सेवालाई एकीकृत गरी सो सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यका साथ निर्माण गरिएको एकीकृत कानूनी सहायता सफ्टवेयर (ilars.gov.np) को बारेमा बैठकमा प्रस्तुति सहित सबैलाई जानकारी गराइएको थियो।

समितिका अध्यक्ष तथा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङज्यूले मन्तव्यका क्रममा नेपालको संविधान तथा कानूनमा व्यवस्था भए बमोजिम असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायताको सुनिश्चित गर्न सम्बन्धित निकायहरुबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेका छन्। तर प्रदान गरिएका कानूनी सहायता सम्बन्धी यी सेवाहरुको अभिलेखलाई व्यवस्थित गर्न नसक्दा भए गरेका कार्यहरुको समेत मूल्यांकन हुन नसकेको बताउनु भयो।

कानूनी सहायताको सन्दर्भमा देखिएका समस्या र जनगुनासोलाई सम्बोधन गर्न एकीकृत कानूनी सहायता सम्बन्धी सफ्टवेयर महत्वपूर्ण रहेको कुरा व्यक्त गर्दै सफ्टवेयर प्रयोगका विषयमा सम्बन्धित सरोकारवालाहरुको क्षमता विकासका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई समन्वयात्मक रुपमा अगाडि बढाउन आवश्यक रहेको कुरा औंल्याउँनु भयो।

केन्द्रीय कानूनी सहायता समितिको निर्णयबमोजिम समितिका अध्यक्ष तथा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङज्यूले **एकीकृत कानूनी सहायता प्रतिवेदन प्रणाली** सम्बन्धी सफ्टवेयरको उद्घाटन (launching) गर्नु भई सफ्टवेयरको प्रभावकारी कार्यान्वयनका लागि सबैले यसको अपनत्व लिई समन्वयात्मक रुपमा अगाडि बढ्न सबैलाई आग्रह समेत गर्नु भयो।

मिति २०८०।१०।१४

सह-प्रवक्ता